मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २९ गते मंगलवार (Tuesday, 11 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**तातो हावा 'लु' बाट जोगिने उपाय**

- सकेसम्म दिउसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
विज्ञापन बोर्ड

# कोशी प्रदेश सरकार: आगामी बजेट ३५ अर्ब

**विराटनगर, जेठ २८।** कोशी प्रदेश सरकारको बजेट ३५ अर्ब बरावरको हुने भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता खगेन्द्र खड्काले बजेट निर्माणको अन्तिम तयारी भइरहेको जानकारी गराउँदै आर्थिक वर्ष २०८०/०८१को बजेट ३५ अर्बको हाराहारीमा हुने बताएका छन् ।

आगामी असार १ गते प्रदेशसभामा पेश हुने बजेट निर्माणको अन्तिम तयारीमा प्रदेश सरकार रहेको छ । 'संघीय सरकारले बजेट ल्याइसकेको छ । बजेटका अनुमानित स्रोतहरुको अनुमान पनि आइसकेको छ'- खड्काले भने- 'अब प्रदेशका लाइन मन्त्रालय बजेट सूचना प्रणाली (पीएलएमबीआइएस) मा योजनाहरु समाविष्ट गर्ने काम शुरु हुन्छ ।'

यसपटकको बजेट बिगत दुई वर्षको भन्दा सानो आकारको हुने देखिएको अर्थ मन्त्रालय स्रोतले जनाएको छ । संघीय सरकारले राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान वापत सबै प्रदेशहरुलाई ९६ अर्ब ४५ करोड ८ लाख रुपैयाँ विनियोजन भएकोमा कोशी प्रदेशले १४ अर्ब ५४ करोड २६ लाख रुपैयाँ पाउनेछ ।

यस्तै वित्तीय समानीकरण अनुदान ८ अर्ब ९६ करोड ३२ लाख रुपैयाँ, सशर्त अनुदान ४ अर्ब १६ करोड ४३ लाख रुपैयाँ, विशेष अनुदान ७८ करोड १ लाख रुपैयाँ र समपूरक अनुदान ६५ करोड ५० लाख रुपैयाँसहित प्रदेशलाई संघीय सरकारले २९ अर्ब १० करोड ५२ लाख रुपैयाँ पठाउने भएको छ ।

प्रदेश सरकारले चालूआर्थिक वर्षमा आन्तरिक राजश्वबाट ४ अर्ब ५७ करोड ७८ लाख ५० हजार उठाउने लक्ष्य राखेको छ । तर, लक्ष्य अनुसार राजश्व




असुली भएको छैन । आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले सोही अनुसारको राजश्व लक्ष्य राख्दा पनि बजेटको आकार ३३ अर्ब ६८ करोड हाराहारी पुग्ने अनुमान छ ।

प्रदेशको सञ्चित कोषको रकम थप हुँदा र केही घाटा बजेट बनाएमा बजेटको आकार ३५ अर्ब हाराहारीको हुने देखिएको अर्थ मन्त्रालय स्रोतको भनाइ छ । यद्यपि सरकारलाई नयाँ आयोजनामा बजेट राख्न दबाब रहेकोले त्यसको आकार अन्तिम समयमा बढ्ने सम्भावना पनि देखिएको छ । प्रदेश सरकारले हालसम्म ल्याएको सबैभन्दा ठूलो बजेट भनेकै आर्थिक वर्ष २०७६/०७७को हो । उक्त आर्थिक वर्षमा सरकारले ४२ अर्ब २० करोड ४ लाख रुपैयाँको बजेट ल्याएको थियो । तर, खर्च भने २९ अर्ब ८३ करोड ३२ लाख मात्रै भयो ।

यस्तै आर्थिक वर्ष ०७७/०७८ मा प्रदेश सरकारले ४० अर्ब ८९ करोड ९९ लाखको बजेट ल्याउँदा यथार्थ खर्च २७ अर्ब ९५ करोड १२ लाख, २०७८/०७९मा ३२ अर्ब ४६ करोड ९२ लाखको बजेट ल्याउँदा यथार्थ खर्च २९ अर्ब ९६ करोड ६४ लाख मात्रै भयो । गतआर्थिक

(बाँकी अन्तिम पृष्ठमा)

## विकास परिषद्मा १५ जना सदस्य मनोनित

**विराटनगर, जेठ २८।** कोशी प्रदेशको प्रदेश विकास परिषद्मा १५ जना सदस्य मनोनित भएका छन् ।

२५ जेठमा बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५को दफा ७ को उपदफा २ (छ) बमोजिम प्रदेश विकास परिषद् सदस्य मनोनित गरेको हो ।

सरकारले झापा गौरादह-१का जीतबहादुर कार्की, बिराटनगरका उद्योगी महेशकुमार जाजू, नवीन रिजाल, झापा दमककी रधिका ओझा, झापा हल्दिबारीका भवानीप्रसाद दंगाल, विराटनगरकी प्रतिभा रिजाल, बिराटनगरकै उद्योगी प्रकाश मुन्दडा, संखुवासभाकी बबिता कटुवाल, काठमाडौंका सुयस प्याकुरेललाई मनोनीत गरेको छ ।

यस्तै उदयपुर त्रियुगाका रमेशचन्द्र रोका, बूढीगंगा मोरङकी रीता न्यौपाने, सुनसरीका भीमप्रसाद घिमिरे, विराटनगरकै राधा अधिकारी, सर्लाहीका एकचन्द्र बराल र बिराटनगरकै टीकाराम पुरी मनोनित भएका छन् । प्रदेश योजना आयोग

(बाँकी अन्तिम पृष्ठमा)

## जीवित बुवाको मृत्यु दर्ता, अनि आमाको अर्कैसँग विवाह दर्ता

**उर्लाबारी, जेठ २८।** मोरङको रतुवामाई नगरपालि-७का पवन लिम्बूले जीवित बुवाको मृत्यु दर्ता गरेर आमाको अर्कैसँग विवाह दर्ता गराएको खुलेको छ । पवनले जीवित बुवा जितबहादुर लिम्बूको मृत्यु भएको भनी घटना दर्ता गराएर आमा होमादेवी लिम्बूलाई पदमबहादुर लिम्बूसँग विवाह दर्ता गराएको पाइएको हो ।

उनले २०८१ वैशाख २३ गते जितबहादुर लिम्बूको मृत्यु भएको भनी वडा कार्यालयमा निवेदन दिएका थिए । सोही दिन होमादेवी लिम्बू सूचक भएर छोरा विपन सुब्बा लिम्बूको जन्मदर्ता प्रमाण-पत्र लिएको देखिन्छ । जितबहादुर र होमादेवी दम्पत्ति हुन् । तर, सोही होमादेवी लिम्बू दुलही र पदमबहादुर लिम्बू दुलाहा भएर निजहरूले विवाह दर्ता प्रमाण-पत्र समेत लिएका छन् ।

विवाह दर्तामा होमादेवीका श्रीमानको नाम पदमबहादुर लिम्बू भए पनि मृत्यु दर्तामा भने जितबहादुर लिम्बू उल्लेख छ । विवाह दर्ता र मृत्यु दर्तामा नाम फरक भए पनि जितबहादुर र पदमबहादुरको नागरिकता नम्बर भने एउटै (७५६४-२६३) छ । अझ रोचक पक्ष के छ भने विवाह दर्तामा पदमबहादुरको बाबुको नाम शेरबहादुर लिम्बू छ भने मृत्यु दर्तामा सिंहबहादुर लिम्बू छ । यस सम्बन्धमा प्रश्न गर्दा रतुवामाई नगरपालिकाका प्रवक्ता भुलबहादुर कार्कीले भने- वास्तविकता छानबिन गरी कारबाही अगाडि बढाइनेछ । वडासचिव सरोज ढकालले तीनवटै दर्ता प्रक्रिया अगाडि बढाएकाले यसको छानबिन हुने बताइएको छ ।

यस्ता घटना हङकङ, बेलायत, अमेरिकालगायतका स्थानमा विदेशिनेका लागि हुने गरेको पाइन्छ । आर्थिक प्रलोभनमा परेर कर्मचारीहरूले जथाभावी कागजात बनाइदिने गरेका उदाहरण छन् । सरकारले वास्तविक विवरणसहितको राष्ट्रिय परिचयपत्र दिन शुरु गरेपछि यस्ता फर्जी र नक्कली घटनाहरू बाहिरिन थालेको छ भने कागजात मिलाउन उनीहरूलाई समस्या पर्ने गरेकाले सम्पर्कविहीन हुने गरेको स्थानीयको आरोप छ ।

## सेनामा भर्ती गराइदिन्छु भन्दै ठगी

**काठमाडौं, जेठ २८।** नेपाली सेनामा भर्ती गराइदिन्छु भन्दै नगद १ लाख ७० हजार रूपैयाँ ठगी गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-५ पर्स्याङ बस्ने २७ वर्षीय घर्मराज थापालाई प्रहरीले पक्राउ गरेको छ ।

थापाले आफूलाई पोखरामा रहेको आर्मी फिटनेश सेन्टरको सञ्चालक बताउँदै नेपाली सेनाको माथिल्लो तहका हाकिमलाई चिनेको भनी बाग्लुङ घर भएका १९ वर्षीय युवकलाई नेपाली सेनामा भर्ती गराइदिन्छु भनी आश्वासन दिलाई पटक-पटक गरी उक्त रकम ठगी गरेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले थापालाई पोखरा महानगरपालिका-५ जिरोबाट पक्राउ गरेको हो ।

उनलाई ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूरमा जिल्ला अदालत कास्कीबाट १० दिन म्याद थप अनमुति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## भारतमा बेच्न लैजाँदै गर्दा...

**काठमाडौँ, जेठ २८।** भारतमा बेच्न लैजाँदै गरेको अवस्थामा प्रहरीले १४ वर्षीय किशोरीलाई ललितपुरबाट उद्धार गरेको छ । किशोरीलाई बेचबिखनमा लैजान खोज्ने दुई जनालाई पक्राउ गरिएको मानव बेचबिखन अनुसन्धान व्युरोका सूचना अधिकारी (एसपी) ज्ञानेन्द्र फुयाँलले जानकारी दिए ।



पक्राउ पर्नेमा नुवाकोटको दुप्चेश्वर गाउँपालिका-६घर भएका ३९ वर्षीय सम्बरबहादुर तामाङ र नुवाकोट तादी गाउँपालिका-२ घर भएकी ३३ वर्षीय इन्दिरा कटुवा तामाङ छन् । यसअघि पनि बेचबिखन मुद्दामा जेल परेका सम्बरबहादुर २०८० वैशाखमा मात्र थुनामुक्त भएका थिए । उनी १० वर्ष जेल बसेर छुटेका हुन् । जेलबाट छुट्नासाथ उनले पुरानै अपराध कर्म शुरु गरेको भेटिएको व्युरोका एसएसपी ओमबहादुर रानाले बताए ।

## सार्वजनिक खरिद ऐन लत्याउँदै कचनकवल

**पार्थ मण्डल**

**झापा, जेठ २८।** दक्षिणी झापाको कचनकवल गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत सरसामान खरिद गर्ने गरेको पाइएको छ ।

सार्वजनिक खरिद ऐन २०६३ अनुसार बोलपत्र प्रस्ताव आव्हानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा र सिलबन्दी दरभाउपत्र राष्ट्रिय वा स्थानीयस्तरको समाचारपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।

तर, गाउँपालिकाले बोलपत्र प्रस्ताव र सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन नगरी कमिशनको लोभमा सोझै सरसामान खरिद गरिरहेको तथ्य फेला परेको हो ।

गाउँपालिकाले सार्वजनिक खरिद ऐन विपरीत सरसामान खरिद गरेको महालेखा परीक्षकको कार्यालयले गतआर्थिक वर्ष २०७९/०८०को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

सार्वजनिक खरिद ऐन-२०६३को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४को नियम ८५मा १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र १० लाखभन्दामाथि २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दामाथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवम् एउटा आपूर्तिकर्तासँग एकपटक वा पटक-पटक गरी १० लाखभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८०मा पुँजीगत तथा चालू किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई नियमावलीमा तोकिएको सीमाभन्दा बढी हुने गरी एउटै आपूर्तिकर्तामार्फत सोझै सामान खरिद गरेको छ । गाउँपालिकाले पटक-पटक गरी मुक्तिनाथ इलेक्ट्रोनिक्सबाट १३ लाख ५८ हजार ५६७ रुपैयाँको र बालिकेश सप्लायर्सबाट १२ लाख १२ हजार ९७ रुपैयाँको सामान खरिद गरेको रहेछ । सामान खरिद गरेको जम्मा

(बाँकी अन्तिम पृष्ठमा)

## तत्कालीन सेञ्चुरी बैंकका अध्यक्षसहित ८ जना पक्राउ

**काठमाडौँ, जेठ २८।** तत्कालीन सेञ्चुरी बैंकका अध्यक्षसहित आठ जना पक्राउ परेका छन् ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोलीले तत्कालीन अध्यक्ष राजेश श्रेष्ठसहित आठ जनालाई नियन्त्रणमा लिएको हो ।

ब्युरोका एसपी होबिन्द्र बोगटीले बैंकिङ कसुरमा उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको जानकारी दिए । यसअघि पनि १५ फागुनमा धितोले खामेभन्दा बढी कर्जा दिएको आरोपमा तत्कालीन सेञ्चुरी बैंकका सीईओसहित १० जना पक्राउ परेर छुटेको थिए । बैंकका तत्कालीन सीईओहरु तुलसी गौतम र मनोज न्यौपानेसहितलाई पक्राउ गरिएकोमा उनीहरू हाजिर जमानीमा छुटेका थिए ।

## काँकरभिट्टा खानेपानी: अध्यक्षमा बुढाथोकी निर्वाचित

**मेचीनगर, जेठ २८।** काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई समितिको अध्यक्षमा रोहित बुढाथोकी निर्वाचित भएका छन् ।



उनले १९९१ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । उनको निकटतम् प्रतिष्पर्धी सन्तोष आचार्यले १८०८ मत प्राप्त गरे । उनीहरुको १८३ मतान्तर रहेको छ । उपाध्यक्ष पदमा गोविन्द गिरी बिजयी भएका छन् । उनले २२६२ मत प्राप्त गरे । उनका निकटतम् प्रतिष्पर्धी राजु दाहालले १२१९ मत प्राप्त गरेका छन् । उनीहरुको मतान्तर १०४३ रहेको छ । सचिव पदमा विशाल तामाङ १७४५मत प्राप्त गरेर बिजयी भएका छन् । उनका निकटतम् प्रतिष्पर्धी दिलीप सुब्बाले १६६३ मत प्राप्त गरे ।

चुनावमा नेकपा एमालेको नेतृत्वमा जसपासहितको एउटा गठबन्धन बनेको थियो भने नेपाली कांग्रेसको नेतृत्वमा नेकपा माओबादी केन्द्र र राप्रपालाई समेटेर अर्को गठबन्धन बनेको थियो । रास्वपा एक्लैले चुनाव लडेको थियो । एमाले नेतृत्वको प्यानलबाट ८ जना बिजयी भएका छन् । कांग्रेस नेतृत्वको प्यानलबाट ४ जना बिजयी भएका छन् । रास्वपाले अपेक्षाकृत राम्रै मत सुरक्षित गरेको छ । दलगत आधारमा एमालेले ६ पद, कांग्रेसले ३ पद, जसपाले २ पद र राप्रपाले १ पद प्राप्त गरेको छ ।

चुनावमा थोरै मतान्तरले एमालेका तर्फबाट अध्यक्ष उम्मेदवार सन्तोष आचार्यले पराजय व्यहोर्नुपरेको छ । पार्टी नेतृत्वले केन्द्रीय सत्ता गठबन्धनमा सहकार्य गरिरहेको राजनीतिक सहयात्री नेकपा माओबादी र रास्वपालाई आफ्नो गठबन्धनमा समावेश गर्न नसक्नु नै कमजोरी भएको विश्लेषण हुन थालेको छ ।

## झापाका कृषकलाई उत्पादन र बजारीकरणमा सघाउँदै कोशी सरकार

**झापा, जेठ २८।** कृषिका लागि झापा आफैँमा उर्वरभूमि हो । सरकारले धान र नगदेबाली प्रवर्द्धनका लागि यो जिल्लामा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । अझ संघीयता कार्यान्वयन भई प्रदेश सरकार गठन भएसँगै झापामा कृषि क्षेत्रको प्रवर्द्धनमा कोशी प्रदेश सरकारले पनि लगानी बढाउँदै लगेको छ ।

पछिल्लो चार वर्षमा कोशी सरकारले मात्र झण्डै १८ करोड रुपैयाँ कृषि क्षेत्रमा लगानी गरिसकेको छ । यसको प्रतिफलसमेत प्राप्त भई किसान लाभान्वित हुन थालेको दावी गरिएको छ । तिनैमध्येकी एक हुन् झापा गाउँपालिका-३ मा दिदीभाइ कृषि फर्म सञ्चालन गरिरहेकी पूजा खनाल । उनले व्यावसायिक केरा खेती गर्दै आएकी छन् । अनुदानमा प्राप्त भएको पिकअप भ्यानले केरा बजारसम्म लग्न मद्दत मिलेको उनले बताइन् ।

गाउँमा उत्पादन गरेको केरा बिक्री गर्न बजारमा



पुर्‍याउन सजिलो भएको छ- खनालले भनिन्- सरकारबाट भएको सहयोगले व्यावसायिक रुपमा कृषि कर्ममा लाग्न बल मिलेको छ । पिकअप किन्न कृषि ज्ञान केन्द्रमार्फत् खनालले रू. आठ लाख अनुदान पाएकी थिइन् । पछिल्लो तीन वर्षमा जिल्लामा करिब ७ प्रतिशत तरकारी खेतीको क्षेत्रफल समेत बढेको केन्द्रको तथ्यांक छ । साना तरकारी खेती गर्ने कृषकलाई एक लाखसम्म अनुदान दिने गरिएको केन्द्रले जनाएको छ । यो बाहेक युवा लक्षित तरकारी-च्याउ खेती, मह उत्पादन कार्यक्रममार्फत् पनि अनुदान वितरण हुने गरेको छ ।

एक लाख रुपैयाँ अनुदान पाएकी कचनकवल गाउँपालिका-४की रुखावती गणेशले त्यही अनुदानको रकमले हाते ट्याक्टर खरिद गरिन् । पहिला ट्याक्टरबाट खेत जोत्नुपर्थ्यो, खर्च धेरै लाग्थ्यो, विगत सुनाउँदै उनले भनिन्- अहिले घरमै हाते ट्याक्टर छ, बाहिरबाट मगाउनुपर्दैन, तरकारी खेती गर्न सहज भएको छ । सरकारबाट हाते ट्याक्टर खरिद गर्न ६७ प्रतिशत अनुदान रकम प्राप्त गरेको उनले सुनाइन् । गणेश तरकारी खेती गर्छिन्, मौसमी रुपमा मकै, धान र केरा खेती पनि गर्छिन् । किसानले आफैं लगानी गरेरे

(बाँकी अन्तिम पृष्ठमा)

**विहानको समय रोजगारीको अवसर**

तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ? यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं ।

- पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास ।
- अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ ।
- साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ ।
- दिउँसो स्कूल पढ्नेहरूले समेत काम गर्न सक्नेछन् ।

सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०

## सार्वजनिक ...

२५ लाख ७० हजार ६ सय ६४ रुपैयाँ महालेखा परीक्षकको कार्यालयले अनियमित भएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५मा उल्लेख गरिएको नियम विपरीत गाउँपालिकाले स्यानिटेरी प्याड खरिद मूल्याङ्कन समितिको निर्णय बेगर तोकिएको सीमाभन्दा बढीको सोझै खरिद गरेको पाइएको छ । नियमावलीको व्यवस्था विपरीत सोझै खरिद गरेको १६ लाख २६ हजार ४७७ रुपैयाँ अनियमित भएको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४को नियम ८५ को उपनियम १ (क)मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले गतवर्ष सिलबन्दी एवम् सोझै खरिद प्रक्रिया अवलम्बन गरी ३० लाख ३२ हजार ७६१ रुपैयाँ बराबरको औषधि खरिद गरेको देखिन्छ ।

गाउँपालिकामा कुन औषधि कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक-पटक औषधि आपूर्ति गरी विभिन्न शीर्षकबाट औषधि खरिद गरेको देखिन्छ । पालिकाले औषधि खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यकता पुष्ट्याइँ नगरी फरक-फरक दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याइँसहित आशय निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधि खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने लेखा परीक्षण प्रतिवेदनमा भनिएको छ ।

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । जसका कारण आपूर्ति भएका औषधि डब्लुएचओ सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन प्रतिवेदनमा भनिएको छ ।

गाउँपालिकाले न्युटन मेडिको फर्मा, एसएच मेडिहेल्थ कन्सर्न, जोइन मल्टिपल सर्भिस र अधिकारी मेडिकल हलबाट औषधि खरिद गरेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र बनियानीको माग अनुसार २०८० असार १८ गते १९ लाख २२ हजार ६३८ रुपैयाँको स्वास्थ्य उपकरणहरू खरिद गरी खर्च लेखेको पाइएको छ । सार्वजनिक खरिद ऐन २०६३को दफा ५मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्य उपकरणहरू खरिद गर्दा लागत अनुमान तयार गरेको देखिएन । सार्वजनिक खरिद ऐन २०६३को दफा ८ को उपदफा २मा खरिद ऐन र खरिद ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले खरिद कार्य गर्दा दुई वटा टुक्रामा विभाजन गरी कोटेशन माग गरी दुई वटा आपूर्तिकर्तामार्फत सोझै खरिद गरेको देखिन्छ । एउटै प्रकृतिको उपकरण प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गरेको नियमसम्मत नदेखिएको प्रतिवेदनमा उल्लेख छ । सार्वजनिक खरिद नियमावलीको नियम १११मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने उल्लेख छ, त्यो पनि गरेको देखिँदैन ।

त्यसैगरी सार्वजनिक खरिद नियमावली-२०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनुपर्ने उल्लेख छ । गाउँपालिकाले १६ लाख ९४ हजार ६४९ निर्माण सामग्री खरिद गरेकोमा उक्त सामग्री प्रयोग भएको देखिने प्राविधिक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न नरहेको पाइएको छ ।

खरिद गरेको सामान वडाको सिफारिस, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको तोक आदेशमा वितरण गरेको भरपाईको आधारमा खर्च जनाएकोले खरिद गरेका सामग्रीहरू उद्देश्य अनुरूप प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्ट्याइँसहित कार्य सम्पन्न प्रतिवेदन अर्थात् प्रमाण पेश नगरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

## कोशी ...

वर्षमा प्रदेश सरकारले ३९ अर्ब ७३ करोड ८३ लाखको बजेट ल्याएकोमा खर्च भने ३० अर्ब ७५ करोड ७७ लाख मात्रै भयो ।

चालूआर्थिक वर्षमा प्रदेश सरकारले ३६ अर्ब ७४ करोड ३५ लाखको बजेट ल्याएको छ । यसको पनि यथार्थ खर्च ३० अर्बभन्दा माथि नजाने प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुमान छ । प्रदेशका अहिलेसम्मका बजेटहरुको यथार्थ आय ३० देखि ३२ अर्ब हाराहारीको मात्रै छ । कोशी प्रदेश सरकारले चालूवर्षमा चालूतर्फ १६ अर्ब ४२ करोड १७ लाख ९ हजार रुपैयाँ, पुँजीगततर्फ २० अर्ब ३८ करोड ५० लाख ८२ हजार र वित्तीय व्यवस्थातर्फ एक करोड रुपैयाँ गरी ३६ अर्ब ८१ करोड ६७ लाख ९१ हजार रुपैयाँ बिनियोजन गरेको थियो ।

## विकास ...

(गठन तथा कार्य सञ्चालन) आदेश, २०७५को दफा ७मा परिषद् गठन सम्बन्धी व्यवस्था छ ।

उक्त दफा अनुसार परिषद्को अध्यक्ष मुख्यमन्त्री, प्रदेश सरकारका मन्त्रीहरू र राज्यमन्त्रीहरू, प्रदेशसभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेशसभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष तथा सदस्यहरू, प्रमुख सचिव, प्रदेश सरकार मुख्य न्यायाधीवक्ता, प्रदेश सरकारका सचिवहरू, जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुखहरू सदस्य रहने व्यवस्था छ ।

## झापाका ...

धेरै कुरा किन्न सक्ने अवस्था छैन, सरकारले दिने अनुदानले धेरै राहत मिलेको छ, किसानलाई सहज भएको छ- उनले भनिन् ।

अनुदान र कृषि प्रवर्द्धन जस्ता कार्यक्रमले जिल्लामा अन्नबाली मकै र धानको उत्पादन बढेको तथ्यांकले देखाएको छ । मकै ५ मेट्रिकटन प्रति हेक्टरबाट बृद्धि भई ७ मेट्रिकटन पुगेको छ । धानको ४.५ बाट बृद्धि भएर ५ दशमलब ५ मेट्रिक टन प्रति हेक्टर पुगेको छ । मकैको उत्पादन झण्डै ४० प्रतिशत बृद्धि भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर बिष्टले जानकारी दिए ।

झापामा ८५ हजार ७ सय हेक्टरमा धान धान खेती हुन्छ । ४४ हजार हेक्टरमा मकै खेती हुन्छ । व्यावसायिक केरा, तोरी, फलफूल, बेसार र तरकारी खेतीसमेत बढेको छ । जिल्लामा अहिले १० हजार हेक्टरमा व्यावसायिक तरकारी खेती हुन्छ- बिष्टले भने । कृषिलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउने सरकारको रणनीति रहेको छ । माटोको उत्पादकत्व क्षमता बढाइ कृषि उत्पादनको परिमाण थप गर्ने, सहज बजारीकरण गर्ने र यान्त्रिकीकरणलाई बढावा दिने सरकारको उद्देश्य रहेको बिष्टले सुनाए ।

आर्थिक वर्ष २०७७/०७८देखि चालू आर्थिक वर्ष २०८०/०८१ सम्म आइपुग्दा जिल्लामा प्रदेश सरकारको रू. १७ करोड ८४ लाख ७ हजार १ सय ९८ लगानी भएको छ । सरकारले झापामा आर्थिक वर्ष २०७७/०७८मा रू. १ करोड ९९ लाख ५४ हजार ९ सय अनुदान दिएको थियो । जसबाट १ सय ४८ व्यक्ति, फर्म तथा संस्था लाभान्वित भएका थिए ।

त्यस्तै, आर्थिक वर्ष २०७८/०७९मा रू. ४ करोड २ लाख ९ हजार अनुदान दिएको थियो । जसबाट ६ सय १६ पुरुष र ५ सय ८१ महिला गरी १ हजार १ सय ९९ जना प्रत्यक्ष लाभान्वित भए । यस्तै, आर्थिक वर्ष २०७९/०८० मा प्राप्त रू. १ करोड २१ लख ४३ हजार २ सय ९८ अनुदानबाट १ सय १ व्यक्ति, फर्म तथा संस्था लाभान्वित भएका थिए । बिगत तीन वर्षको तुलनामा चालू आर्थिक वर्ष २०८०/०८१मा झापामा प्रदेश सरकारले लगानी बढेको छ । चालूआर्थिक वर्षमा कृषि ज्ञान केन्द्रमार्फत् गराउने गरी रू. १ करोड ४८ लाख र १४ वटा स्थानीय तहलाई रू. ९ करोड ५ लाख गरी रू १० करोड ५३ लाख सर्शत अनुदान उपलब्ध गराएको छ ।

**यस्तो छ नीतिगत व्यवस्था**

कोशी प्रदेश सरकारले कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धी विभिन्न प्रकारका कार्यविधि तथा कानूनहरु बनाएको छ ।

प्रदेश कृषि व्यवसाय प्रबर्द्धन अनुदान ऐन-२०७७, प्रदेश कृषि व्यवासय प्रबर्द्धन अनुदान नियमावली-२०७७, प्रदेश कृषि व्यवसाय प्रबर्द्धन अनुदान मापदण्ड-२०७८, कृषि प्रसार कार्यक्रम सञ्चालन नमर्स-२०७९ र पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नमर्स-२०७९ निर्माण गरेको छ भने त्यस्तै, प्रदेश तथा स्थानीय तहमा सशर्त कृषि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि-२०८० बनाएको छ ।

कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता पशुपति पोखरेलले प्रदेश सरकारले उपलब्ध गराएको अनुदानले काम भइरहेको बताए । हामीले सम्पर्क गर्दा काम भइरहेको पाएका छौं- उनले भने- स्थानीय तहले प्रगति नपठाए पनि काम भएको देखिन्छ ।

**यान्त्रिकीकरण र पूर्वाधारमा जोड**

झापामा कोशी प्रदेश सरकारले मागमा आधारित कार्यक्रम, कृषिमा यान्त्रिकीकरण, बाली प्रबर्द्धन, कृषि बजार, सिञ्चाई, बजारीकरण, फलफूल, जैविक मल तथा विषादि, बगर खेती, महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम लगायतलाई समेटेको छ ।

कृषिसँग सम्बन्धित समग्र क्षेत्रलाई समेटे पनि पछिल्लो समय प्रदेश सरकारले कृषि यान्त्रिकीकरण, पूर्वाधार र भण्डारणलाई विशेष प्राथमिकता दिएको कृषि ज्ञान केन्द्र झापाका निमित्त प्रमुख सागर विष्ट बताउँछन् । चालू आवमा १४ वटा स्थानीय तहलाई ३५ वटा कार्यक्रमका लागि उपलब्ध गराएको सशर्त अनुदानमा अधिकांश सिञ्चाई, कृषि बजार, कृषि यान्त्रिकीकरण नै रहेको छ ।

कनकाई नगरपालिकाका नगरप्रमुख राजेन्द्रकुमार पोखरेलले कृषकले सिञ्चाइका लागि विद्युतीय मोटर पाउन थालेपछि नगरको ८० प्रतिशत खेतीयोग्य जमिन बाह्रै महिना हराभरा हुने गरेको बताउँछन् । पहिला बर्खे धानपछि ८० प्रतिशत जमिन बाँझै हुन्थ्यो- उनले भने- अहिले त्यस्तो छैन, कृषकले खेतबारीमा केही न केही बाली लगाएको देखिन्छ ।

चालू आर्थिक वर्षमा कनकाई नगरपालिकालाई सिञ्चाईका लागि कोशी प्रदेश सरकारले रू. ३० लाख सशर्त अनुदान उपलब्ध गराएको छ भने कृषि बजार निर्माणका लागि रू. १ करोड र कृषि औजार तथा औजार निर्माणमा सहयोग गर्न रू. ५ लाख उपलब्ध गराएको छ ।

**धानको बीऊमा आत्मनिर्भर**

रैथाने र गुणस्तरीय वीऊ उत्पादनका लागि अनुदान पाएपछि कृषक, कृषि फर्म तथा सहकारीहरुले बीऊ उत्पादनलाई प्राथमिकता दिएका छन् । जसको परिणाम झापा धानको बीऊमा आत्मनिर्भर भएको छ । यहाँ बर्षेनि ५ हजार मेट्रिक टन धानको बीऊ उत्पादन हुने गरेको छ ।

यहाँ उत्पादन भएको धानको बीऊ कोशी र मधेश प्रदेशका जिल्लाहरुमा जाने गरेको छ । रञ्जित, राधा-१२, स्वर्ण सब-१, राम धान, बहुगुणी-२, हर्दीनाथ-१ र ६, कालो नुनिया र लल्का बास्मती जातको धानको बीऊ उत्पादन हुने गरेको छ ।

**बजारीकरणमा हातेमालो**

लागत सहभागितामा कृषि उपकरण पाइन थालेपछि कृषि कर्ममा प्रविधिको प्रयोगमा व्यापकबृद्धि भएको छ ।

रोप्नदेखि बाली भित्र्याउन समेत कृषकले कृषियन्त्रको प्रयोग गर्न थालेका छन् । कृषकले २५ प्रतिशत मात्र लागत सहभागिता जनाउँदा सानादेखि ठूला कृषि उपकरण पाउन थालेपछि प्रविधिमा पहुँच वृद्धि भएको हो । धान रोप्ने मेसिन, धान काट्ने-झार्ने, कम्बाइन हार्वेस्टर, मकै छोडाउने, मकै रोप्ने, हाते ट्याक्टर लगायत विभिन्न कृषि औजारहरु प्रदेश सरकारले लगायत सहभागितामा उपलब्ध गराउँदै आएको छ । व्यावसायिक खेतीमा प्रोत्साहनका लागि प्रदेश सरकारले उत्पादित कृषिवस्तुको बजारीकरणमा समेत टेवा पुऱ्याउँदै आएको छ ।

कृषकले उत्पादन गरेको कृषि उपजको बजारीकरणका लागि कृषि बजार स्थापनालाई प्रदेश सरकारले विशेष प्राथमिता दिएको छ । चालूआर्थिक वर्षमा पाँच पालिकाका छ स्थानमा कृषि बजार निर्माणका लागि सहयोग गरेको छ । कनकाईमा कृषि बजार निर्माण गर्न रू. १ करोड, कचनकवल गाउँपालिकामा कृषि बजार निर्माणका लागि रू. २५ लाख, कमल गाउँपालिका-२मा क्याम्पा कृषि बजार निर्माण गर्न रू. २० लाख र कमल-७को रंगपुरमा कृषि बजार निर्माणार्थ रू. १५ लाख, बाह्रदशी गाउँपालिका-२ स्थित बुट्टाबारी कृषि बजारका लागि ३५ लाख र बुद्धशान्ति गाउँपालिका-१ स्थित भोटेटारमा कृषि बजार निर्माणका लागि निरन्तरता दिँदै रू. १५ लाख दिएको छ ।

बुद्धशान्ति गाउँपालिका-१का वडाध्यक्ष अनिल वाग्लेले बुद्धशान्तिसँगै इलामको रोङ गाउँपालिका, सूर्योदय नगरपालिकाका कृषकले उत्पादन गरेका कृषि उपज र पशु बिक्री गर्न सहयोग मिलेको बताए । प्रदेश सरकारको सहयोगमा निर्माण भएको यो बजारलाई नयाँ बजारको रुपमा विकास गर्ने काम भइरहेको छ- उनले भने- बजारलाई थप व्यवस्थित गर्न बजार नजिकै रहेको खोला तटबन्धन गर्नुपर्ने देखिन्छ ।

त्यस्तै, तोरी खेती प्रबर्द्धनका लागि दुई वटा तेलमिल सञ्चालनमा छन् । हल्दिबारी गाउँपालिकामा दुई वटा तेल मिल सञ्चालित छन् । तोरीको तेल उत्पादन र प्रशोधन शुरु गरेको हल्दिबारीस्थित एकता बहुउद्देश्यीय सहकारीलाई गत आव २०७९/०८०मा तेल फिल्टर र प्याकेजिङ मेसिनका लागि रू. १५ लाख अनुदान उपलब्ध गराएको थियो । संस्थाका अध्यक्ष हरिकृष्ण अधिकारीले स्थानीयस्तरमै कृषकले उत्पादन गरेको तोरी खरीद गरेर तेल उत्पादन गर्न सहकारी सफल भएको बताए ।

हल्दिबारीकै प्रभात बहुउद्देश्यीय सहकारीले समेत तोरी मिल सञ्चालनमा ल्याएको छ । प्रभातलाई समेत कृषि ज्ञान केन्द्रले तोरी पेल्ने मेसिन र फिल्टर जडानका लागि रू. १५ लाख अनुदान उपलब्ध गराएको छ ।

यस्तै, कचनकवल गाउँपालिका र बिर्तामोड नगरपालिकामा एक/एक वटा बेसार तथा अदुवा प्रशोधन केन्द्र निर्माण, बिर्तामोडमा शित भण्डारण केन्द्र निर्माण, सुपारी प्रशोधन तथा भण्डारण केन्द्र निर्माण, अलैंची प्रशोधन उद्योग एभरेष्ट लार्ज कार्डिममलाई मेसिन खरिदमा अनुदान दिइएको छ ।

यस्तै, चालू आव २०८०/०८१ मा नगदेबालीको रुपमा रहेको सुपारी खेतीको प्रबर्द्धनका लागि सात वटा कृषकलाई सुपारी छोडाउने मेसिन र टहरा उपलब्ध गराइएको छ । प्रतिघण्टा चार सय केजी सुपारी छोडाउन सक्ने उक्त मेसिनको प्रयोगले कृषकको समय र लगानी दुवै बचत हुने देखिन्छ ।

नेवार सुपारी प्रशोधन उद्योग मेचीनगर-८का रामकुमार श्रेष्ठले सुपारी प्रशोधन मेसिन पाएपछि लागत खर्च र उत्पादन बृद्धि भएको बताए । श्रेष्ठले प्रदेश सरकारको 'सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरण सहयोग' अन्तर्गत सुपारी छोडाउने मेसिन खरिदका लागि रू. ५ लाख अनुदान पाएका छन् । लाभग्राहीको २५ प्रतिशत र प्रदेश सरकारको ७५ प्रतिशत लागत सहभागितामा मेसिन खरिद गरिएको हो । झापामा ३ हजार हेक्टरमा क्षेत्रफलमा सुपारी खेती हुने गरेको छ भने वार्षिक १० हजार मेट्रिक टन सुपारी उत्पादन हुने कृषि ज्ञान केन्द्रले जनाएको छ ।

**अनुदानमा आशा निराशा उत्तिकै**

सीमित कृषकले अनुदान आउँदा अनुदान नपाउने कृषकमा निराशा देखिएको छ । कृषकहरुबीच प्रतिस्पर्धा गरेर उत्कृष्टलाई अनुदान दिनुपर्ने भएकाले थोरैले पाउने र धेरैले नपाउने अवस्था आउँदा कृषकमा निराशा देखिएको हो ।

झापामा ५० हजारभन्दा बढी किसान छन्- कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख विष्ट भन्छन्- बर्षेनि एक-डेढ सय कृषकले मात्र अनुदान पाउँछन्, जसले गर्दा अन्य कृषक निराश भएको देखिन्छ । अनुदान पाउनेले पाएँ नभन्ने र नपाउने गुसानो गर्ने गरेको उनको अनुभव छ । कृषकलाई अनुदान दिनुभन्दा पनि सहुलियत दरमा ऋण दिनुपर्नेमा उनी जोड दिन्छन् । भन्छन्- कृषकलाई बिद्युतीय सिञ्चाइमा छुट दिनुपर्छ, गुणस्तरीय मल-बीउसँगै सहुलियतमा ऋण दिनुपर्छ ।

अनुदानकै लागि खेती गरेजस्तो गर्ने र पुरानो उपकरण देखाएर अनुदान लिन खोज्ने कृषक पनि छन् । जसले गर्दा वास्तविक कृषकलाई मर्का परेको सरोकारावाला बताउँछन् । अनुदानले कृषकलाई आश्रित बनाएकाले अनुदानको साटो सहुलियत ऋण र ब्याजमा अनुदान दिनसके वास्तविक कृषक बढी लाभान्वित हुने कृषि ज्ञान केन्द्रका प्रमुख विष्टको भनाइ छ ।

**कृषि क्षेत्र भने घट्दो**

पछिल्लो समय झापामा खेतीयोग्य जमिनको क्षेत्रफल घटेको छ । खेतीयोग्य जमिनलाई खण्डीकरण गरेर प्लटिङ गरिँदा धेरै खेतीयोग्य जमिन गिटीबालुवाका कारण बगरजस्तो बनेका छन् ।

सरकारले जग्गा वर्गीकरणको नीति ल्याएपछि अधिकांश मानिसले आफ्नो जग्गा आवास र व्यवसायिक प्रयोजनमा राखेका छन् । जसका कारण पछि कृषियोग्य जमिनको क्षेत्रफल घट्ने कृषि क्षेत्रमा आबद्ध बताउँछन् । पछिल्लो समय जिल्लामा धान खेतीको क्षेत्रफल ८७ हजार हेक्टरबाट घटेर ८५ हजार ७ सयमा झरेको छ । उक्त क्षेत्रफल अझै घटेर ७५ हजारको हाराहारीमा आउने निमित्त प्रमुख विष्ट बताउँछन् ।


प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल, इलाम

प्रथमपटक प्रकाशित मितिः २०८१/०२/२९

## आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) मा सूचीकृत हुन र दररेट पेश गर्ने बारे सूचना

यस जिल्ला अस्पताल इलाममा निम्न अनुसारका मेडिकल औजार तथा मेशिनरी उपकरणहरुमा प्रयोग हुने किड्स, केमिकल्स, फिल्म, ऐसेसरिज तथा पार्टपूर्जाहरु र मर्मत सम्भार सम्वन्धी परामर्श सेवाहरु प्रोपाईटरी मालसामानहरु (Closed Item) को रुपमा आ.व. २०८१/०८२ मा खरिद गर्नका लागि सम्वन्धित उत्पादक कम्पनीको आधिकारिक बिक्रेताहरुले (प्रोपाईटर) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को १ (ग) एवम् सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ दफा (३ र ६) बमोजिम सूचीकृत हुन इच्छुक कम्पनी/फर्महरुले नवीकरण सहितको फर्मदर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वघोषणा पत्र, ब्यवसाय दर्ता इजाजत पत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाण पत्र र सम्वन्धित कम्पनीको आधिकारिक बिक्रेताको प्रमाण (उत्पादक कम्पनी सहित सप्लायर्स कम्पनी सम्मको (Authorization Letter) पत्रको प्रतिलिपिहरुसहित तपशिलमा उल्लेखित मेसिनहरुमा लाग्ने किड्स, केमिकल्स, फिल्म एवम् मुख्य मुख्य पार्ट्सहरु (System Pack Reagent and Disposal) को प्राबिधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दी गरी पुनः अर्को खाममा बन्द गरी खाम बाहिर जिल्ला अस्पताल इलामलाई सम्वोधन गरी प्राबिधिक/आर्थिक प्रस्ताव उल्लेख गरी सूचीकृत हुने कम्पनी/फर्मको नाम उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०३/११ गते दिनको २.०० बजे) भित्रमा सूचिकृत हुन प्रस्वाव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित सामान, केमिकल्स आपूर्ति गर्न एकभन्दा बढी सोही कम्पनीका आधिकारिक बिक्रेताहरुको दररेट पेश हुन आएमा कम दररेट कबोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरी सामान आपूर्तिको ब्यवस्था गरिनेछ । सूचनामा माग भएका आधिकारिक कागजात पेश नगरेका, रित नपुगेका र म्याद नाघी आएका निबेदन उपर कुनै कारवाही गरिने छैन । पेश भएका प्रस्तावहरु मिति २०८१/०३/११ गते २ बजे पछि खोलिनेछ । बिस्तृत जानकारीका लागि जिल्ला अस्पताल इलाममा सम्पर्क राख्न सकिनेछ ।

| S.N. | Equipment Name | Company Name | Model No | Remarks |
|---|---|---|---|---|
| 1 | Fully auto chemiluminescence Immunoassay analyzer | Snibe Diagnostic | Maglumi -800 | |
| 2 | Fully auto chemiluminescence Immunoassay analyzer | Realy | RL -C2000 | |
| 3 | Fully Biochemisty analyzer | BioBASE | b.k. 280 | |
| 4 | Fully Biochemisty analyzer | Biosystems | A 15 | |
| 5 | Curelyte electrolyte analyzer | Sensacore | SN-0015 | |
| 6 | Exias electrolyte analyzer | Exias medical | SN 02842 | |
| 7 | Semi auto biochemisty analyzer | Agappe | Mispa-viva | |
| 8 | Haematology analyzer (5 Part) | Sysmex | XN -330 | |
| 9 | Haematology analyzer (3 Part) | Horiba | ABX microseEs 60 | |
| 10 | Automated specific protein analyzer | Agappe | Mispa i3 | |
| 11 | X-ray Machine DR System | Corestream | 5950 Laser image | |
| 12 | X-ray Machine CR System | Trimax | TX55 Laser image | |

मेडिकल सुपरिटेन्डेन्ट



## बिमालेख हरायो

झापाको भद्रपुरबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१/०१/११ गतेका दिन मेरो सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को निम्न व्यहोरा भएको बिमालेख (पोलेसी) हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

नाम : अलिशा चौधरी
ठेगाना : भद्रपुर-६ (झापा)
बिमा लेख नम्बर : १०१०००००१६६४
सम्पर्क : ९८१७९०९५०१



## हार्दिक बधाई तथा शुभकामना

ॐ नमः शिवाय बचत तथा ऋण सहकारी संस्था लि.को शयेर सदस्य तथा नेपाल दशनामी समाज केन्द्रीय सह-कोषाध्यक्ष **श्री गोविन्द गिरी** काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको गरिमामय उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा बधाई ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण निर्वाचित कार्य समितिको कार्यकाल सफल बनोस् भन्दे हार्दिक शुभकामना व्यक्त गर्दछौ ।



**भरतलाल गिरीः** अध्यक्ष
**ॐ नमः शिवाय बचत तथा ऋण सहकारी संस्था लि.**, बिर्तामोड न.पा.-५, झापा






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## सरकारको अदूरदर्शी निर्णय


दुई देशका बीच सम्बन्ध सुदृढ गर्न र द्विपक्षीय हित विस्तार गर्न सबै देशले दौत्य सम्बन्ध स्थापित गरेका हुन्छन् । दुई देशका बीच सम्बन्ध बनाइराख्न भित्र देशहरुमा दूतावासकै स्थापना गरी राजदूत मार्फत परस्पर सहयोग र हितको प्रवर्द्धन गर्ने गरिन्छ । त्यही अनुसार नेपालले पनि दौत्य सम्बन्ध राखेर विश्वका धेरै देशहरुसँग आर्थिक, भौतिक, सांस्कृतिक पक्षहरु आदान–प्रदान गर्दै आएको छ । दुई देशका बीचको सुसम्बन्ध राजदूतको योग्यता र क्षमतामा निर्भर हुन्छ । त्यसैले उनीहरुको नियुक्ति विज्ञता, कुटनीतिक क्षमता र योग्यताका आधारमा गर्ने विश्वव्यापी प्रचलन रहेको छ ।

कुनै देशले अख्तियार गरेको अन्तर्राष्ट्रिय नीति जहिल्यै आफ्नो देशको पक्षमा हुनुपर्छ र हुन्छ । तर, हामीकहाँ पछिल्लो समय सरकार परिवर्तन हुनासाथ राजदूत फेर्ने कुसंस्कार शुरु भएको छ । उनीहरुको नियुक्ति कार्यको अनुभव, योग्यता, क्षमता र विज्ञताभन्दा आस्थालाई प्राथमिकता दिन थालिएको छ । जसले गर्दा हाम्रो अन्तर्राष्ट्रिय कुटनीति असफल बन्दै गएको छ । दलीय आस्थाका आधारमा गरिने नियुक्तिले अन्तर्राष्ट्रिय जगतमा देशको बदनाम भइरहेको भन्दै कुटनीतिक क्षेत्रका विज्ञहरुले चिन्ता प्रकट गर्न थालेका छन् । सरकारले यही हप्ता भारत लगायत एघार वटा देशका राजदूतहरुलाई फिर्ता बोलाएको छ । कार्यकाल पूरा गर्न नदिई राजदूतलाई फिर्ता बोलाउँदा सरकारको क्षमतामाथि नै प्रश्न उठ्नु स्वभाविक हो ।

नेपालको परराष्ट्र मामिला इतिहासकै कमजोर भएको परराष्ट्रविद्ले टिप्पणी गर्न थालेका छन् । जुनसुकै देशको परराष्ट्र नीति आन्तरिक विवादभन्दा माथि हुन्छ । राष्ट्रिय राजनीतिमा विवाद हुन्छ, अरु देशमा पनि त्यस्तो हुनसक्छ, तर परराष्ट्र नीति आन्तरिक विवादभन्दा माथि हुनैपर्छ । अर्थात् आन्तरिक राजनीतिले परराष्ट्र नीतिलाई प्रभाव पार्दैन र पार्नु हुँदैन । नेपाली कांग्रेस नेतृत्वको माओवादी सरकारले नियुक्त गरेका राजदूतलाई फिर्ता बोलाएर सरकार पूर्वाग्रही भएको प्रमाणित भएको छ । गत बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले भारत लगायत अमेरिका, संयुक्त अधिराज्य, साउदी अरब, दक्षिण कोरिया, स्पेन, मलेसिया, डेनमार्क, इजरायल, कतार र पोर्चुगलका लागि नेपाली राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल आफैं भारतका प्रधानमन्त्री मोदीको शपथ ग्रहण समारोहमा सहभागी हुन जाने समयमा भएको यस्तो निर्णय अहिले विवादित बन्न पुगेको छ । राजदूत कुनै दलका प्रतिनिधि होइनन् र हुनुहुँदैन भन्ने विश्वव्यापी मान्यता हो । त्यसैले राजदूतको नियुक्ति कुटनीतिक क्षेत्रका अनुभवी, क्षमतावान तथा विज्ञता भएकाहरुलाई गर्ने परम्परा छ । तर, हामीकहाँ स्वार्थ, दलीय आबद्धता र आग्रहका आधारमा नियुक्ति गर्ने परम्परा बस्दै गएकाले नेपालको छवि धमिलिने सम्भावना बढेको छ । यस्तो परिपाटीको अन्त्य नभए देशको मर्यादामै आघात पुग्नेतर्फ सरकार गम्भीर हुनुपर्छ ।

# किन ओझेलमा पर्‍यो दलित इतिहास ?



**राजकुमार दिक्पाल**

हाम्रो देशमा इतिहासका विविध विषय छन् । कैयौं विषय यस्ता छन्, जो लेख्न बाँकी नै छ । देख्दा साधारण जस्ता लाग्ने तर कतिपय गम्भीर विषयहरु माथि नेपालका इतिहासकारहरुको कलम चलेको पाइँदैन । यस्ता गम्भीर विषयमध्ये एक हो, दलित उत्पीडितहरुको इतिहास । दलित उत्पीडितहरुको इतिहास लेखनका लागि स्वयम् यस समुदायका इतिहासकारको उपस्थिति नदेखिँदा र गैरदलित समुदायका इतिहासकारले उनीहरुको इतिहासको खोजी र लेखनप्रति उत्साह नदेखाउँदा नेपालका दलितहरुको इतिहास ओझेलमा पर्न पुगेको छ । युगौंदेखि छुवाछूतको मारमा परेको यो समुदायको सवालको प्राज्ञिक उत्थानका लागि पनि उनीहरुको छुट्टै इतिहास लेखनको आवश्यकता देखिन्छ ।

छुवाछुतको प्रचलन कहिलेदेखि चल्यो, कुन कारणले यी श्रमिक र सिल्पी समुदायलाई छुवाछुतको सिकार बनाइयो भन्ने बहस त भइरहेकै छ । उनीहरुको उत्थान र मुक्तिका लागि सरकारी तथा गैरसरकारी तहबाट केही प्रयासहरु भइरहेकै छन् । तर, इतिहास लेखन मार्फत् पनि दलित तथा उत्पीडित वर्गलाई जुन प्रकारले प्राज्ञिक जगतबाट सम्बोधन हुनुपर्ने हो, यस्तो प्रयास भने हुन सकेको छैन । त्यसैले दलित उत्पीडित समुदायको छुट्टै इतिहास लेखन आजको एक प्राज्ञिक आवश्यकता हुन पुगेको छ ।

दलित उत्पीडितहरुको इतिहास लेख्ने क्रममा सोही समुदायका बौद्धिक व्यक्तित्वहरु पद्मलाल विश्वकर्मा, यामबहादुर किसान, रविमान लम्जेल र गणेश विकेको संयुक्त लेखनमा 'नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास' (२०६३) प्रकाशित भएको पाइन्छ । यस पुस्तकले पृथ्वीनारायण शाहको समयमा सक्रिय बिसे नगर्ची, यखाजङ्ग विश्वकर्मा लगायतका अगुवाहरुको सक्रियतालाई छिटपुट रुपमा समेटेर हालसम्म भएका दलित आन्दोलनको चर्चा गरेको छ ।

इतिहासको स्रोतका रुपमा शिलालेखहरुको उपलब्धताको हिसाबले इतिहासकारहरुले लिच्छवीकाललाई स्वर्णयुग मान्दै आएका छन् । इतिहासकारहरुले काल निर्धारण गरे अनुसार नेपाल सम्वत शुरु हुनुभन्दा अघिको काललाई प्राचीनकाल, त्यसपछि मध्यकाल र पृथ्वीनारायण शाहको समययतादेखिको काललाई आधुनिक काल मान्दै आएका छन् । यस अनुसार प्राचीनकाल र मध्यकालको इतिहास लेख्ने इतिहासकारहरुले दलितहरुको अवस्थाबारे ऐतिहासिक विवेचना गरेको त्यति पाइँदैन । नेपाली इतिहासको खोजीले त्यसतर्फ पनि चासो राख्ने ठाउँ प्रशस्तै रहेको छ । पृथ्वीनारायण शाहकालीन बिसे नगर्चीबारे पनि गम्भीरतापूर्वक इतिहास खोजी हुनै बाँकी छ ।

**बिसे नगर्ची : ऐतिहासिक व्यक्तित्व**

पृथ्वीनारायण बिसे नगर्चीलाई नाटक, कविता आदिको माध्यमबाट चर्चाको चुलीमा पुर्‍याइँदै आएको छ । त्यसैले उनी कतै साहित्यिक विधाको पात्र मात्रै त होइन भन्ने भ्रम पनि पर्न जान्छ । तर, बिसे नगर्ची पृथ्वीनारायण शाहको समयमा भएका विभिन्न युद्धहरुको मोर्चामा सक्रिय एक योद्धा पनि थिए भन्ने ऐतिहासिक तथ्य विभिन्न स्रोतहरुमा पाइन्छ । उनी १८०१ सालमा नुवाकोटको युद्धमा तीनघारेतिरबाट बढेको युद्धमोर्चामा पृथ्वीनारायण शाहका साथ सामेल थिए । गोरखालीहरुले असोज १५ गते नुवाकोट जित्दा विजयोत्सवमा बिसे नगर्चीले नगरा घन्काउँदा उनलाई बानादार दमाई र मणिराम गाइनेले साथ दिएका थिए ।

वि.सं. १८१२ मा साउनमा लमजुङसँग सिरानचोकमा गोरखालीको युद्ध हुँदा त्यहाँ पनि बिसे नगर्ची सक्रिय थिए । युद्धमा गोरखालीको जीत हुँदा हारेका लमजुङे सैन्य अधिकारीहरुको अपमान गर्न बिसे नगर्चीको धोती टाँगेर उनीहरुलाई धोतीमुनि छिर्न लगाई बेइज्जत गरिएको ऐतिहासिक प्रसङ्ग भाषा वंशावलीमा पढ्न पाइन्छ । अहिले पनि बिसे नगर्चीका सन्तति गोरखामा रहेका छन् । उनीहरुसँग बिसे नगर्चीको नाम उल्लेख भएको रुक्का सुरक्षित रहेका छन् । ती मध्ये १८४६ माघ सुदी १५ मा जारी रुक्कामा 'केही जग्गा जमिनको जागिर विस्याको नाउमा गयाको रहेछ, त्यो जग्गा उसैको छोरो दुब्ल्यालाई बक्स्यौं' भन्ने प्रसङ्ग परेको छ । यस अनुसार बिसे नगर्चीको छोराका नाम दुब्ल्या अर्थात् दुब्ले रहेको देखिन्छ । यस्ता ऐतिहासिक स्रोतहरुबाट पनि बिसेलगायतका ऐतिहासिक व्यक्तित्वहरुको छुट्टै इतिहासको खोजी गर्न सकिन्छ ।



**जङ्गबहादुरको दृष्टिमा दलित**

दलित उत्पीडित समुदायको इतिहासको खोजीका क्रममा तत्कालीन शक्तिशाली प्रधानमन्त्री जङ्गबहादुर राणाको एक अभिव्यक्तिलाई गम्भीरतापूर्वक नियाल्नु जरुरी छ । दलितहरुको सीप, श्रम र सिर्जनाका बारेमा जङ्गबहादुर गम्भीर र संवेदनशील थिए । उनले दलित समुदायको महत्वलाई बुझेका थिए । यसबारेमा उनले आफू बेलायत भ्रमणका बेला यता कार्यवाहक प्रधानमन्त्री रहेका आफ्ना भाई बमबहादुरलाई आफ्नै हस्ताक्षरमा लेखेको पत्रलाई उदाहरणका रुपमा लिन सकिन्छ ।

त्यसबेला उनले आफ्ना भाइलाई लेखेको पत्रमा कामी, सार्की, दमाई, कर्मीहरुको जागिर नखोस्नु भन्ने आदेश दिएका छन् । पत्रमा 'कामी, सार्की, दमाई, कर्मी खोसे इलम पनि बिग्रन्छ । कारखाना पनि बिग्रन्छ । कोते, पिपा, जमादार, खलासी एक पनि नखोसेस् । यिनलाई खोस्नु बडो अनविवेक हुन्छ, किनभने यी थोरै खाई धेरै काम गर्छन्' भन्ने परेको छ । यताबाट हेर्दा दलित उत्पीडितले थोरै ज्याला लिएर धेरै र राम्रो काम गर्ने भएकोले उनीहरुको जागिर खोसिदिँदा कारखाना चल्न नसक्ने र त्यस्तो काम गर्नु विवेकसम्मत नहुने धारणा जङ्गबहादुरको रहेको देखिन्छ ।

दलित उत्पीडितहरुको श्रम र सीपले सामान्य नागरिकको दैनिक जीवनमा उपयोग हुने सामग्रीको आपूर्ति त हुन्थ्यो नै, अझ जङ्गबहादुरको समयमा स्वचालित उपकरणहरुको विकास भइनसकेको अवस्थामा हातैले काम गरेर सैन्य प्रयोजनका हतियार कारखाना चलाउनुपर्ने अवस्था थियो । हतियारका लागि फलामको काम अनिवार्य हुन्थ्यो । यस्ता कारखानामा छालाको काम पनि अनिवार्य थियो । त्यसैले त्यसबेला मेगेजिन अड्डा नाम दिइएको हतियार कारखानामा आरन फाँट र सार्की फाँट हुन्थ्यो । सैनिकहरुका लागि जङ्गी पोशाक तयार गर्न दमाईहरुको श्रम र सीपको प्रयोग हुन्थ्यो ।

त्यसबेला सरकारबाट कर उठाउनका लागि जारी भएका ऐतिहासिक कागजपत्रहरुमा कम्पु तथा मेगेजिन करबारे उल्लेख छ । कम्पु भनेको सैनिक पल्टन हो भने मेगेजिन अड्डा भनेको हतियार कारखाना हो । यस्तै पुराना कागजपत्रहरुमा सार्कीको पलेटी, कामीको ताल, दमाईको सुजेरो भन्ने पनि उल्लेख गरिएको पाइन्छ । यी सबै दलित तथा उत्पीडित समुदायका श्रमिकहरुले गर्ने कामहरु हुन् । दलित तथा उत्पीडित समुदायको श्रम र सीपलाई राम्ररी नियालेका जङ्गबहादुरले हचुवाको भरमा कामी, सार्की, दमाईको जागिर नखोस्नू, उनीहरुको जागिर खोसिए इलम पनि बिग्रन्छ, कारखाना पनि बिग्रन्छ भनेका होइनन् ।

**सबाल्टर्न दर्शनको उपयोग**

नेपालमा इतिहास लेखनलाई राजा महाराजाको कथा भन्नेहरुको संख्या प्रशस्तै छ । हुन पनि नेपालमा जे जति इतिहास लेखिए, ती मध्ये अधिकांशले राजा महाराजा वरिपरि फेरो मारेको देखिन्छ । विगतमा जे जस्ता घटनाहरु छन्, तिनीहरुको तथ्यपूर्ण प्रस्तुति नै इतिहास हो । इतिहासकारहरुले जनस्तरको इतिहास लेखनलाई प्राथमिकतामा नराखेकै हुन् । त्यसैले बारम्बार प्रश्न उठ्ने गरेको छ, खोई जनताको इतिहास लेखेको ?

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको पनि डेढ दशक नाघिसकेको छ । अब पनि जनस्तरको इतिहासको खोजीले प्राथमिकता नपाए कहिले पाउने ? तिनै जनस्तरको इतिहासको अध्ययन क्षेत्रभित्र दलित उत्पीडितहरुको इतिहास पनि पर्छ । तर, यसतर्फ गम्भीरतापूर्वक चिन्ता र चासो देखा परिरहेको छैन । केवल नारा जुलुश, आमसभा र गोष्ठीहरुले मात्रै दलित उत्पीडितहरुलाई न्याय दिलाउन सक्दैन । उनीहरुका लागि इतिहासको खोजीबाट पनि प्राज्ञिक न्याय प्रदान गर्न सकिन्छ ।

दलित उत्पीडितहरुका लागि इतिहास लेखनमा देखा परेको पछिल्लो दर्शन सबाल्टर्न दर्शन उपयोगी देखिन्छ । सबाल्टर्न शब्दको प्रयोग गर्ने पहिलो ब्यक्ति इटालियन चिन्तक एन्तोनियो ग्राम्सी हुन् । उनले यो शब्द तल्लो तहका मानिसहरुलाई जनाउन लागि प्रयोग गरेका थिए । इतिहास लेखनमा निम्न स्तर, सुविधाविहीन, उपेक्षित, सिमान्तकृत, अल्पसंख्यक, आवाजविहीन तथा कमजोर अवस्थामा रहेका समुदायका विषयलाई पनि यथोचित रुपमा समेट्नुपर्छ भन्ने दर्शन नै सबाल्टर्न दर्शन हो । इतिहास लेखनमा यो दर्शनलाई व्यवहारमा लागू गर्नेमध्ये भारतीय इतिहासकार रन्जित गुहा मुख्य मानिन्छन् ।

नेपालका दलित उत्पीडितहरु नेपालका सिमान्तकृत र आवाजविहीन वर्गमा पर्छन् । तर, सबाल्टर्न दर्शनले इतिहास लेखनमा सिमान्तकृत र आवाजविहीनहरुलाई मात्रै समेट्नुपर्छ भन्ने मान्यता राख्दैन । जसरी इतिहास निर्माणमा मुख्य नायकको भूमिका हुन्छ, उसको नेतृत्वलाई सफल बनाउन निम्न तहका कार्यकर्ताको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुने हुँदा उनीहरुको भूमिकालाई पनि इतिहास लेखनमा समुचित स्थान दिइनुपर्ने धारणा सबाल्टर्न दर्शनले बोकेको छ ।

नेपालको इतिहास लेखनमा राजा महाराजारुपी नायकहरुलाई मात्रै स्थान दिइँदा उनीहरुलाई सफल बनाउने तल्लो तहका मानिसहरुको इतिहासलाई विस्मृत बनाउनुलाई कुनै पनि हालतमा न्यायोचित मान्न सकिन्न । पृथ्वीनारायण शाहलाई नेपालका इतिहासकारहरुले जुन ढङ्गले इतिहास लेखनमा स्थान दिए तर उनलाई सफल बनाउने बिसे नगर्चीलाई उनीहरुले गौण ठानिदिए । उनको विषयमा छुट्टै इतिहास लेख्न इतिहासकारहरुको कलम खासै उत्साहित भएको देखिएन । यसरी पनि दलित उत्पीडितहरुको इतिहास ओझेलमा पर्न गएको छ । अब दलित उत्पीडितहरुको इतिहासको खोजी र लेखनले पनि उचित स्थान पाउन जरुरी छ । यसका लागि स्वयम् दलित उत्पीडित वर्गबाट पनि इतिहासकारहरु तयार हुनु आवश्यक छ । अरुको भरले होइन, अब आत्मनिर्भरताले तथ्यपूर्ण इतिहास लेखिनुपर्छ ।

# लोकतन्त्र र भुइँमान्छे



**केशव भट्टराई**

सत्ता र शासक यस्तो प्रवृत्ति रहेछ, जहाँ दमन, अहमता र निरंकुशताको पनि केही न केही अवशेष रहिरहन्छ चाहे त्यो आदिमकाल होस् या अहिलेको गणतन्त्र । फरक कति मात्रामा छ भन्ने मात्र हो ।

नेपालमा अहिले संघीय गणतन्त्रमा शासन व्यवस्था छ । यो व्यवस्था ल्याउनका लागि नागरिकले जीवन बलिदान गरेका छन् । सिंगो जीवन सुम्पिएका छन् । घर, व्यवहार, समाज, शिक्षा, सम्पत्ति, माया, प्रेम सबैलाई बेवास्ता गरेर समतामूलक समाज निर्माणका लागि आफ्नो सबै आयुको तिलाञ्जली दिएका छन् । यति बृहत योगदानपछि प्राप्त अहिलेको राज्यव्यवस्था र तिनका सञ्चालकले संघर्षको मैदानमा खटिएका योद्धाको सपनालाई सम्बोधन गरिरहेका छन् त ? भुइँमान्छेको धरातलमा टेकेर हेर्नेहरुसँग यो प्रश्न आजका दिनमा गम्भीर रुपमा उठान भइरहेको छ ।

सामान्यताः अमूक जातिको सरकारमा प्रतिनिधित्व होला, थिचिएका हेपिएका बगेर समुदाय न्यून संख्यामा प्रतिनिधि पात्र होलान् । तर, एउटा गरीब, निरक्षक, निमुखो सर्वसाधारण आज स्थानीय प्रशासनमा सहजरुपमा सेवा लिइरहेको छ ? अड्डामा बस्नेहरुले गरीब, विपन्न र भुइँमान्छेहरुलाई छि–छि, दूर–दूर गर्न छाडे ? नगर प्रमुख वा जिल्लामा हाकिमसाबहरुको कोठामा ती सर्वसाधारणका आवाज र मागहरु सम्बोधन भइरहेका छन् ? मानवअधिकारका न्यूनतम मूल्यमान्यताको परिपालना र उपभोग सबै नागरिकले गर्न पाइरहेका छन् ? राज्यको विकासको बजेट पहुँचवालाको शहरतिर मात्रै सोझिएको छ कि दूरदराजका निमुखा जनताको झुप्रोतिर पनि जाँदैछ ? सत्ता र शक्तिको उन्मादले भुइँमान्छेहरुलाई विगतमा झैं थिचिरहने हो भने किन चाहियो नाम मात्रको लोकतन्त्र र गणतन्त्र ?




व्यक्तिगत र पारिवारिक स्वार्थलाई पर सारेर यो समाज र सर्वसाधारणको हितमा लाग्छु भन्ने प्रतिबद्धता भुल्दै जाने हो भने यो लोकतन्त्रको सुगन्ध शासक र तिनका जयगान गाउनेहरुमा मात्रै सिमित रहने छ । संघीय संरचनाको उपलब्धी र यसको प्रभावकारिता व्यवहारिक रुपमै सबैले ग्रहण गर्न पाउनु हिजोको संघर्ष र बलिदानको लक्ष्य हो । तर, आज त्यो लक्ष्यबाट कतै हाम्रो नेतृत्व अझ भनौं शासकवर्ग विमुख भइरहेको त होइन ?

यदि अहिलेकै सिमित व्यक्तिको खुशीलाई लोकतन्त्रको उपलब्ध मान्ने हो भने भन्नु केही छैन । तर, संसारकै सर्वोत्तम शासन प्रणाली लोकतन्त्र र गणतन्त्रमा जसलाई देखाएर, भजाएर उनीहरुको जीवन र रगतसँग कसम खाएर उनीहरुप्रति नै बेवास्ता गरिन्छ– त्यसबेला यो पद्धती र प्रणालीमाथि प्रश्न चिह्न आउनु स्वभाविक हो ।

आज घरभित्र व्यक्ति असुरक्षित छ, व्यवसायी बजारमा सन्तुष्ट छैन । मजदुर जीवनभर मालिकबाट शोषित छ । पत्रकार सञ्चार संस्थाबाटै पीडित छ । भनसुन गरिदिने मान्छे नभए खानेपानी, बिजुली, बाटो समयमा प्राप्त गर्न सक्दैन । नागरिकता र राष्ट्रिय परिचय पत्र लिन तीन दिन कुर्नुपर्छ । कागजात पूरा लिएर गए पनि पहुँच नपुग्दा भुइँमान्छेहरु सार्वजनिक निकायमा सेवाबाट वञ्चित हुनुपर्ने बाध्यता आज पनि छ । निर्वाचित जनप्रतिनिधि आफ्ना पार्टीका कार्यकर्ता र पहुँचवालाको घेराबन्दीमा रमाइरहेको छ ।

सरकारी स्रोतसाधनको दुरुपयोग बढ्दो छ । के यसैका लागि हो हामीले क्रान्ति गरेको ? यदि होइन भने शहीदको नाममा खाएको कसम नबिर्सौं ।

जीवन बलिदान गर्नेहरुले सिमित वर्ग र नेतृत्वको स्तरोन्नति मात्रै चाहेका थिएनन् । प्रत्येक नागरिकले लोकतन्त्रको अनुभूति लिन सकून भन्ने चाहना थियो । यो चाहना र सपनालाई सम्बोधन गर्न त्यति कठिन पक्कै छैन । तीन तहको सरकार छ । सोही संरचनामा राज्यका अन्य संरचनाहरु छन् ।

ती निकायहरुबाट विद्यमान कानूनलाई टेकेर कार्यक्रमहरु ल्याउन सक्नु पर्दछ । जसले आम सर्वसाधारणलाई सम्बोधन गर्न सकोस् । रोजगारीका सिर्जना र प्रबर्द्धनका उपायहरु अवलम्बन गर्न सक्नुपर्दछ । विकासे बजेटलाई समानरुपले वितरण र कार्यान्वयन गर्न सक्नु पर्दछ । शिक्षा र स्वास्थ्यमा चुलिँदै गएको महँगीलाई नियन्त्रण गर्न सक्नुपर्दछ ।

बस एउटा चिन्तनको आवश्यकता छ । त्यो हो दलीय स्वार्थ र स्वार्थी समूहको जञ्जालबाट भने मुक्त हुन सक्नु पर्दछ । सार्वजनिक नेतृतवको जिम्मेवारीमा बसेर स्वार्थी, हुक्के, चिलिमे र हनुमाने प्रवृत्तिलाई निष्तेज गर्न सकिएन भने बलिदानीपूर्ण संघर्षबाट प्राप्त लोकतन्त्र र गणतन्त्रको धज्जी उठ्छ न कि यसको सुगन्ध ।

सार्वजनिक हितका लागि प्रष्ट योजना र कार्यक्रम हुने हो भने सिमित स्रोत र साधनका बाबजुद पनि अधिकतम् सेवाग्राही सर्वसाधारणलाई खुशी तुल्याउन सकिन्छ । नत्र क्रान्ति र संघर्षको मैदानबाट बचेका र सौभाग्यबस शासक बन्न पुगेका सिमित व्यक्तिहरुमै लोकतन्त्रको स्वादमा अल्मलिनेछ ।

# 'गिरीबन्धु टी-इस्टेट राज्यको सम्पत्ति होइन'



- छत्रबहादुर गिरी

चिया बगानका लागि दर्ता छुट दिइएको झापास्थित गिरीबन्धु टी-इस्टेटको जग्गा सट्टापट्टा गर्न सरकारले स्वीकृति दिए पनि सर्वोच्च अदालतले उल्ट्याइदिएपछि यसका प्रमुख सञ्चालक छत्रबहादुर गिरी चर्चामा छन् । बिर्तामोडस्थित गिरीबन्धुको तीन सय ४४ विगाह जमिन सट्टापट्टा गरेर उक्त स्थानमा स्मार्ट-सिटी बनाउने योजना असफल भएपछि उनी झापादेखि काठमाडौंसम्मका साना-ठूला उद्यमीबाट उठाइएको करोडौं रूपैयाँ फिर्ता गर्नुपर्ने दबाबमा छन् । उनी सञ्चारमाध्यमको सम्पर्कमा विरलै आउँछन् । गत साता काठमाडौं आएका बखत सञ्चालक गिरीसँग व्यवसायी दीपक मलहोत्रा, नवीन गिरी (शेयरधनी कृष्णकुमार गिरीका छोरा) एकसाथ भेटिए । टी-इस्टेटका प्रमुख सञ्चालक गिरीसँग व्यवसायी मलहोत्राको कार्यालय ज्ञानेश्वरमा उकालोका लागि देवेन्द्र भट्टराईले गरेको कुराकानी :

**तपाई त धेरै उद्यमी, व्यवसायी र सर्वसाधारणका लागि मिथकको पात्र झैं बन्नुभएको छ । गिरीबन्धुका नाममा यत्रो हल्ला चलिरहँदा तपाई के गरिरहनुभएको छ ?**

- म सिम्पल मानिस हुँ, सिम्प्लिसिटी रुचाउँछु । कतै भाग्न चाहेको वा जिम्मेवारीबाट भागेको छैन । हिजो मात्रै चिया बगानमा मजदुरसँग वार्ता थियो, उनीहरूको आन्दोलन थियो । फेरि अहिले गिरीबन्धुबारे अनेकन हल्ला चलेका छन्, अनेकखालका कुरा सुनिदिनै पर्‍यो । यो सबै कारणले अलिक व्यस्त बनेको छु ।

**तपाईंको पिता खलकले गिरीबन्धु चिया बगान थालेको ६० वर्षपछि चर्चा र विवादमा आएको छ, के भन्नुहुन्छ ?**

- मुख्य कुरा, गिरीबन्धु राज्यको सम्पत्ति होइन भन्नेमा त सर्वोच्चको फैसलाले पनि भनेको छ, २०६५ सालमा । मालपोत तिरेका छौं, हामीसँग सबै रसिद छन् । रजिष्ट्रेसन तमसुक, धनीपुर्जा सबै छन् । त्यस्तै कुरा गर्ने हो भने त हाम्रो जिउधन नै राज्यको हो, भोलि उसलाई चाहिएमा दिनैपर्छ । राज्यले चाहेमा गिरीबन्धु लगेर हामीलाई क्षतिपूर्ति दिन सक्छ । तर, अहिले उत्पन्न विषय यत्तिमै सीमित छैन । २०२१ सालमा पाँच वटा चियाबगान चलाउन हामीलाई राज्यले अनुमति दिएको हो । आज आएर हाम्रोजस्ता झापा, इलाम, पाँचथरका ५० वटा चिया बगान घाटामा छन् । हल्दिबारी, सतिघट्टा, डाँफे, सोक्तिम सबैको हालत उही छ । त्यसबेला आफ्ना गाडीघोडा, जायजेथा बेचेर जग्गा किन्ने र बगान लगाउने समय थियो, निजी सम्पत्तिका रूपमा । सकिन्जेल चलाउँछु, नसकेको दिन बिक्री गरेर कतै जान्छु भन्ने थियो । हदबन्दी छुट दिने बेलामै सरकारले 'तिमेरुले किनेको जग्गा जफत गरिनेछ' भनेको थियो र ? यसकारण हामीलाई सरकारले जानाजानी फँसाएको छ । हदबन्दी छुटको कुरामा फँसाएर हामीलाई घुँडा टेकाउने काम भएको छ । चिया बगान चलाउन दिएको छ, बिरुवा ल्याउन पाइँदैन ।

हामीसँग एउटा रिर्सोस सेन्टर छैन, चिया परीक्षण गर्ने ल्याब छैन, चिया-प्रयोगशाला छैन । केहीँकतै आडभरोस नदिएको ठाउँमा हाम्रो गुनासो र आँशु तपाईं (मिडिया)हरूले बुझिदिनुपर्छ । के एउटा नेपालीले आफ्नै बलबुतामा नेपाली चिया उद्योगलाई यहाँसम्म ल्याएर आत्मनिर्भर बनाएको स्थितिमा हामीलाई जस दिन मिल्दैन ? वनस्पति घिउ मलेशियाबाट ल्याइन्छ, 'मेड इन नेपाल' ट्यागमा बेचिन्छ । इन्डियाबाट आएको दाल 'मेड इन नेपाल' भएर बंगालादेश जान्छ । उतैबाट आएको पोष्तादानामा यहाँको लेभल लाग्छ । हामीले त यहाँको माटोमा स्थानीय श्रम पसिनाबाट चिया फलाएर विदेशमा बेच्दै विदेशी मुद्रा आर्जन गर्ने ठाउँमा पुगेका छौं, यो के सामान्य कुरा हो ? यसमा हामीले किन जस पाउँदैनौं ?

**अब त संवैधानिक इजलासले नै गिरीबन्धु जग्गा सट्टापट्टा र बैनाबिक्रीमा रोक लगाइसकेको छ, यसमा तपाईंको धारणा के छ ?**

- आश्चर्य लागेको यही छ कि हामीले के अपराध गरेका थियौं र संवैधानिक इजलासले यस्तो फैसला दिनुपर्‍यो ? न्यायाधीश यो मुलुकको नागरिक होइनन् र ? एउटा न्यायाधीशका कारण मुलुक बन्छ भने एउटा नागरिकबाट पनि बन्छ । हामीसँग यति नकारात्मक किन ? सट्टापट्टामा एउटै ठाउँमा, एउटै प्लटमा जग्गा चाहिन्छ भनिएको छ, यो भनेको त काम गर्न नदिइएको हो नि । अहिले एउटै ठाउँमा चार सय बिगाह जमिन पाइँन्छ कतै ? पाइँदैन नि । मोलकै कुरा हेरौं । सिंगो गिरीबन्धु बेच्नुपरे एक अर्ब रूपैयाँ आउला-नआउला, तर यहाँ न्यूरोडको एक रोपनीको १० अर्ब रूपैयाँ पर्न सक्छ । अब यो समानुपातिक हिसाबमा साट्न मिल्छ कि मिल्दैन ? यसकारण कानून, भूमि सम्बन्धी ऐन र हाम्रो व्यवहारिक धरातलमा अलगअलग स्थिति छ । हो, तपाईंले भनेको कतिपय ठाउँमा हामीले सच्चिनु पनि पर्छ । तर, यथार्थ हेरिदिनुपर्छ ।

**प्रकारान्तरले तपाई आधा शताब्दी पुरानो भूमि ऐनको कुरा गरिरहनुभएको छ । अदालतले समयानुकूल र परिवर्तित अवस्था अनुसार व्याख्या गर्न नपाउने हो र ? तपाई पनि आज आएर बगानको जमिनमा चिया उत्पादन भएन भन्दै सट्टापट्टा र बिक्रीमा लाग्नुभएको हो ?**

- तपाईंले भनेको कुरा कहाँ मिल्छ भने, २०/२२ सालतिरै हामीलाई राज्यले 'तिमीहरू जग्गा नकिन, हामी हदबन्दी छुट पनि दिंदैनौं' भनेको भए हुन्थ्यो नि त । खोला होइन, नाला होइन, ऐलानी-पर्ती होइन, जंगल होइन, हामीले जमिनमै पैसा हालेका थियौं । सरकारले हामीलाई यसकारण फसाएकै हो । आज हामीले जग्गा स्थानान्तरण गर्दा नयाँ ठाउँमा त किन्नुपर्‍यो त । सट्टापट्टामा तीन सय ४४ विगाह जमिन किन्न पैसा कोसँग छ ? पैसा निकाल्ने कहाँबाट त ? लु, तपाईंले स्रोत देखाइदिनुपर्‍यो कि त ! कसैले विदेशी लगानी ल्याउला, कसैले अरू स्रोत खोज्ला । अहिले बैंकबाट पैसा लिन नि जोखिम छ । फेरि गिरीबन्धुकै चिया उत्पादन, आयस्ताबाट केही भएर कतै जग्गा किन्ने वा साटफेर प्रकृयामा अघि बढ्न पनि सम्भव छैन । मजदुरलाई ज्यालाधरी तिर्न नसकेको अवस्था छ । बैंकको ऋण तिर्न नसकेर कालोसूचीमा थियो बगान । त्यही बेला आएको भिजन (बैनाबट्टा)ले काम गर्न थालेको हो ।

**त्यही बैना उठाएर झण्डै १० करोड रूपैयाँ बैंकको ऋण तिरिएको छ, अनि कालोसूचीबाट मुक्ति मिलेछ । महँगो गाडी किन्ने, छोराको विवाह गर्ने आदि काम पनि सम्पन्न भएछ । कुनै प्रयोजन र आधार स्पष्ट नभैकन जनसाधारणबाट उधारो रकम उठाएर आफ्नो हिसाब मिलान गर्न मिल्छ र ?**

- त्यसरी नबुझौं न । हामीले रकम उठाएर कम्पनीकै लागि खर्च गर्‍यौं, बगानलाई कालोसूचीबाट बाहिर निकाल्यौं । अब अहिले उब्जिएको बैनाबट्टा रकम र हिसाबकिताब चाँडै मिलाउने पक्षमा छौं । सबै पक्षसँग कुरा भइरहेको छ ।

**२०७३ सालदेखि पैसा उठाइएको रहेछ, बैंकिङ कारोबार प्रमाण पनि बाहिर आएको छ त ?**

- खोइ, कसले उठायो होला र ? यो त थाहा भएन । हुन पनि सक्छ ।

**एउटा सन्दर्भमा तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई तपाईंको समूहले भर्खरै यहाँ 'भिजनरी लिडर' भनिरहँदा भूमि ऐन/नियमावली संशोधनमा मिलेको माहोल, देखिएको दौडधुप र त्यसको परिणाम सार्वजनिक भैसकेको छ । त्यही भरमा उठाइएको रकमको हिसाब पनि बाहिर आएको छ नि ?**

- मैले भनिसकेँ हामीले पैसा उठाएर कम्पनी माथि नै खर्च गरेका छौं । बैंकको कालोसूचीबाट गिरीबन्धुलाई उकास्ने काम गर्‍यौं । तपाईंले भने जस्तो त्यो पैसाबाट गाडी किन्ने वा छोराको विवाह गर्ने काम भएको छैन ।

**कमाइ होइञ्जेल सबै कुरा ठीकठाक छ भन्ने तर बगानको उत्पादन र आम्दानी धरासायी हुन थालेपछि इतिहासलाई गाली गर्दै बस्ने त ?**

- इतिहास पनि स्मरण गर्नैपर्छ । पञ्चायतकालमा गिरीबन्धुसहित नक्लबन्दा, बुधकरण, सतिघट्टा गरी पाँच वटा बगान हामीलाई दिइएको थियो । हदबन्दी छुटमा पाँच सय बिगाहसम्म जमिन दिने कुरा सरकारकै अफर हो, हाम्रो माग थिएन । तर, सरकारले त्यस बेलै किन भनेन कि भोलि गएर चिया उब्जिएन भने जमिन जफत गर्नेछौं भनेर ? त्यसो भनिएको भए शायद चियाको साटो अरू उद्यम गरिन्थ्यो होला । मुलुकको चिया उद्योगलाई योगदान दिनेमा गिरीबन्धुसहित झापाकै सम्पूर्ण चिया बगान हुन् । हिजो भारतबाट चिया ल्याउनुपर्ने स्थितिमा नेपालकै चियाले नामकाम बनाएको हो । यही चिया उद्योगले नेपालको आन्तरिक माग/क्षमतालाई पूरा गरेर निर्यात गर्दै विदेशी मुद्रा समेत आर्जन गरेको अवस्था हो । यस अर्थमा एउटा नेपाली नागरिकका हैसियतमा तपाईंले पनि हामीलाई धन्यवाद दिनैपर्छ । मुलुकलाई योगदान दिएको हिसाबमा राज्यले पनि हामीलाई हेर्नैपर्ने हो । तर, राज्यले हामीलाई सामन्तीका हिसाबमा हेरेको छ । हामी वातावरणमैत्री छौं, मजदुरमैत्री छौं । हजारौं मजदुरले आज पनि काम पाएकै छन् । प्रतिकूल स्थितिमा पनि बगानले काम गरेकै छ । हामीले कमाएको पैसा विदेश लगेका छैनौं, यहीं मजदुरलाई र चियालाई आत्मनिर्भर बनाउनेतर्फ खर्चिएका छौं । चिया उद्योगको यत्रो योगदानलाई किन इग्नोर गरिँदैछ ? बिडम्बना, नेपालको चिया विश्वप्रसिद्ध भएर माग बढेपछि भारतले गिद्धेदृष्टि राखेर नेपालको चिया बाहिर लान दिएको छैन, यसतर्फ बहस गर्ने यहाँ कोही छैन ।

**अहिले आएर अदालतले तपाईंहरूको चलखेल (सट्टापट्टा, खरिद बिक्री) नरोकेको भए त वर्षौंदेखि भित्रभित्रै चलेको धन्दा सकारिने अवस्थामा पुगेको रहेछ । के गिरीबन्धु पनि नक्कली शरणार्थी प्रकरण जस्तै 'गिरोह' सञ्चालित थियो ?**

- त्यसरी हेर्न मिल्दैन भन्या । पहिले पनि यस्ता चिया बगानहरू विभिन्न रूपमा सट्टापट्टामा परेकै थिए । ऐन-कानूनले इजाजत दिएरै बैनाबट्टाको काम अघि बढेको हो । त्यसअघि गिरीबन्धु अन्तर्गत हदबन्दी छुटकै ५१ विगाह जमिन २०६० सालमा बिक्रीवितरण भएकोबारे सर्वोच्चमा रिट निवेदन परेको र २०६५ कात्तिक ७ मा सर्वोच्चको पूर्ण इजलासबाट खारेजी फैसला भएको नजिर पनि थियो नै । यसकारण यत्तिकै आरोपित गर्न मिल्दैन ।

**बीचैमा दीपक मलहोत्राको जवाफ :** विगतमा गिरीबन्धुकै ५१ विगाह जमिन बिक्रीको नजिरले हामीमा आशा पलाएको हो । त्यो फैसलामा एक पटकका लागि सट्टापट्टा दिएर अब उप्रान्त ऐन संशोधन गर्न भनिएको थियो । त्यही अनुसार ऐन संशोधन भएर अरू प्रकृया अघि बढेको हो । अब पैसा उठाउने एउटै आधार भनेको समस्याग्रस्त छ उद्योग, त्यसलाई बचाउन पनि केही त गर्नुपर्‍यो भन्ने मात्रै हो । फेरि यो नितान्त व्यक्तिगत सम्पत्ति हो । उद्देश्य परिवर्तन गर्न पाइँदैन भन्ने प्रावधान पहिले पनि थियो, अहिले पनि छ । एउटै कुरा, गिरीबन्धु जमिनमा स्मार्ट-सिटी बन्छ भन्ने भएपछि लगानी आएको हो, मान्छेले पैसा हालेका हुन् । दुर्भाग्यबस्, यो योजना नरहेको अवस्थामा अब जो-जसको हो, पैसा फिर्ता गर्नैपर्छ ।

यत्ति हो कि तत्काल पैसा फिर्ता दिन सकिन्छ वा सकिन्न, बुझ्नैपर्छ । नत्र निश्चित समय राखेर भए पनि कागज गरेर पैसा फिर्ता गर्नैपर्छ । फेरि मेरा हकमा मैले ३० लाख रूपैयाँ कठ्ठामा जग्गा बिक्री गरेको भन्दै तपाईंले जे जिज्ञाशा राख्नुभयो, मैले कसैलाई पनि मेरो जग्गा लिइदेउ भनेर गएको छैन । जो-जसले मबाट जग्गा लैजानुभयो, उहाँहरूले आफैं सोर्सफोर्स लाएर र अनेक दबाब दिएरै जग्गा लानुभएको हो । यो कुरा म उहाँहरूसामु बोल्न तयार छु । समस्याग्रस्त छ उद्योग, बैंकबाट पैसा निकाल्ने अवस्था छैन । त्यही भएर समझदारीमा पैसा उठेको हो, उठाइएको हो । गिरीबन्धु बचाउन यो उपाय गरिएको हो, कि त खण्डहरै हुने अवस्था आउँथ्यो । यो बुझ्नु जरुरी छ कि, गिरीबन्धु भनेको नितान्त निजी सम्पत्ति हो । साथीभाइ मिलेर पैसा उठाएर म्यानेज गरिएमा कमसेकम बैंकको ब्याज त तिर्नुपरेन भन्दै सहमति भएको, यही हो ।

**गिरीबन्धुका नाममा जानी-नजानी जालसाजी/ठगी भएको कुरा मान्नुहुन्न त ?**

- **बीचैमा नवीन गिरीको जवाफ :** यो न जालसाजी हो, न ठगी । हिजो स्मार्ट सिटीका नाममा पैसा उठाए होलान्, काम नभएपछि पैसा फर्काउनु दायित्व हो । बीचमा कोही दलाल बनेर गिरीबन्धुमा पैसा उठाएको छ भने त्यसको जिम्मेवारी हामीले कसरी लिन्छौं र ? तपाईंले के बुझिदिनु जरुरी छ भने, हिजो २०२० सालको गिरीबन्धुले आज बिर्तामोड यस्तो बनेको छ भने अथवा त्यो हिजोको हिमालय टी-गार्डेनका कारण दमक बनेको छ भने, अब नयाँ ठाउँमा स्थानान्तरण हुनासाथ त्यो ठाउँको विकासमा पनि गिरीबन्धुको भूमिका रहन्छ नै । तपाईंले लेख्दा यो कुरालाई पनि हाल्न जरुरी हुन्छ । हामीले बैना लिँदाको उद्देश्य के मात्रै थियो भने अब नयाँ ठाउँमा जग्गा खरिद गरेर त्यो जग्गा गिरीबन्धुका नाममा आएपछि मात्रै सट्टापट्टा गर्न मिल्छ । अब एउटा कालोसूचीमा परेको कम्पनीले पैसा कहाँबाट ल्याउने त ? त्यसपछि हामीले दीपक मलहोत्रा, विष्णुबहादुर राई जस्ता दाइहरूसँग सहयोग मागेकै हो । उहाँहरूको बोली बिक्ने र 'गुडविल'का आधारमा मान्छेहरूले पैसा हालेका हुन् । यसै बाटोमा हिँड्ने मान्छेलाई त (पैसा) कसले दिन्छ र ?

**त्यसो भए अहिलेसम्म भए गरेका सबै कामहरू जायज थिए, यसरी पैसा उठाएर जग्गा किनौंला, साटफेर गरौंला, अनि स्मार्ट-सिटी बनाउला भन्ने तहको योजना सर्वथा 'भिजनरी' थियो भन्ने लाग्छ, होइन त ?**

- **बीचैमा दीपक मलहोत्रा :** यत्ति हो, कुनै ठगी वा जालसाजी होइन यो। यहाँ केही बैना बुझाउनेहरूलाई पछाडिबाट उचालेर ठगी वा जालसाजीमा मुद्दा हाल भन्ने केही दुःखी आत्माहरू छन्, तिनै आत्माको काम हो यो । एक पटक ठगीमा मुद्दा हालिदिन पाए तहल्का मच्चिने थियो भनेर हेर्न चाहने रमितेहरूको इच्छा हो यो । अनेक सपना देखाएर, डिजिटल नक्साका भरमा भरोसा बाँडेर पैसा उठाइएको छ । तपाईं जस्ता ठूला र सफल उद्यमीबाहेक जनसाधारणबाट पनि पाँच-दश लाख रूपैयाँको हिसाबमा पैसा उठेको प्रमाण हातैमा छ । यो बेला तिनलाई 'दुःखी आत्मा' भन्न मिल्छ त ?

**दीपक मलहोत्रा :** होइन, मैले यसरी सामान्यीकरण गरेर दुःखी आत्मा भनेको होइन । जसले पैसा पनि हालेको छैन, लिनुदिनु केही छैन तर बाहिरबाट उचालिरहेका छन् नि, ती चैं दुःखी आत्मा नै हुन् ।

**अझै नबुझेको कुरा के हो भने सट्टापट्टा भएको खण्डमा, स्मार्ट-सिटी बनेको खण्डमा अथवा यो खण्डमा, त्यो खण्डमा भन्दै पैसा उठाइएको अवस्था जायज हो ?**

- **दीपक मलहोत्रा र नवीन गिरी :** होइन, यो त निजी सम्पत्ति हो, प्राइभेट डिल हो नि त । यसलाई पब्लिक बनाउने जरुरत थिएन । यो निजी कुरा हो ।

*उकालो डटकमबाट साभार*

## मह बेचेर करोड भित्रियो

**भोजपुर, जेठ २८।** भोजपुरको नागी क्षेत्रका किसानको लागि मह राम्रो आम्दानीको स्रोत बनेको छ ।

व्यावसायिक मौरीपालनबाट उत्पादन भएको महबाट यो गाउँमा एक वर्षमा रु. एक करोड २० लाखभन्दा बढी भित्रिएको छ । टेम्केमैयुङ-४ मा पर्ने यो स्थानका अधिकांश किसानले व्यावसायिक रुपमा मौरीपालन गरिरहेका छन् । नजिकै प्रशस्त वन क्षेत्र रहेकोले यहाँका हुँगे, चोक्ला, वाकताङ लुङ्गिन लगायतका स्थान मौरीपालन हुने गरेको छ ।

मह आम्दानीको राम्रो स्रोत बनेको स्थानीय मौरीपालक किसान सारुहाङ राईले बताए । आफूले पालेको १८ वटा आधुनिक घारमा एक पटकमा एक सय केजीसम्म उत्पादन हुने उनले बताए । एक वर्षमा मौरीलाई दुईदेखि तीन पटकसम्म काढ्न सकिने उनले जानकारी दिए ।

नागी क्षेत्रबाट एक वर्षमा रु एक करोड २० लाख बढीको मह उत्पादन हुने वडाध्यक्ष हर्कराज राईले बताए । यो क्षेत्र प्राकृतिक हिसाबले मौरीको लागि उपयुक्त रहेको उनको भनाइ छ । भौगोलिक रुपमा अलि बढी चिसो क्षेत्र रहेकाले हिउँदको समयमा पनि मौरीपालनमा सहजता पुऱ्याउले लक्ष्यले आधुनिक माटेघार वितरण गरिरहेको उनले जानकारी दिए ।

व्यावसायिक मौरीपालनमा लागेका किसानलाई थप प्रोत्साहन गर्न गाउँपालिका र वडासँगको सहकार्यमा करिब रु. सात लाख ७० हजार बराबरको दुई सय आधुनिक माटेघार वितरण गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विकेन पौडेलले जानकारी दिए ।

**सच्याइएको,**

**मिति २०८१ साल जेठ २८ गते सोमबार प्रथम पृष्ठमा प्रकाशित परम्परागत खेती गर्ने किसानलाई हलो र जुवा शिर्षकको समाचारमा जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष लक्ष्मीराम शर्मा हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।**

**– सं.**


**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
तपाईको आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।